"लेक र वेशीको संगमको आधार, कृषि, शिक्षा, स्वास्थ्य र रोजगार सहितको पूर्वाधार"

नगर प्रमुख श्री उमेश कुमार पौडेल ज्यूले

लेकवेशी नगरपालिकाको १५औं नगरसभामा

प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

लेकवेशी नगरपालिकाध्

**नगर कार्यपालिकाको कार्यालय**

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

<u>**लेकवेशी नगरपालिका नगरसभाको १५औं अधिवेशनमा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम**</u>

**नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू र नगर सभाका सदस्यज्यूहरू,**

लेकवेशी नगरपालिका, नगर सभाको १५औं अधिवेशनमा उपस्थित सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु ।

नेपाली जनताको लामो संघर्ष र बलिदानबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पश्चात् मुलुकको राजनैतिक पुनःसंरचना भई नेपालको संविधान अनुसार स्थापित यस लेकवेशी नगरपालिका, नगरसभाको १५ औं अधिवेशनमा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

यस अवसरमा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र र सामाजिक न्यायका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर वीरागंना अमर शहिदहरु र अग्रजहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै देशको ऐतिहासिक राजनीतिक परिवर्तन र समाज रूपान्तरणको लागि त्याग, तपस्या र बलिदानी गर्नु हुने घाइते, अपाङ्गता भएका योद्धा, बेपत्ता र शहिद परिवारहरू प्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधान, २०७२ जारी भएपछि दोस्रो पटक निर्वाचित जनप्रतिनिधीहरूको तेस्रो वर्षको कार्यकाल सुरू भएको छ । विगत वर्षहरूको कार्य अनुभवहरूको समिक्षा गर्दै यस सुखद् अवसरमा सम्मानित लेकवेशी नगरपालिकाको नगरसभालाई सम्बोधन गर्न पाउँदा गर्वको अनुभूति भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानवअधिकारको संरक्षण, सहभागितामूलक शासन पद्धति र सुशासन कायम गर्नका लागि राष्ट्रले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा, कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णाली बासी"** भन्ने दिर्घकालिन सोचलाई आत्मसाथ गर्दै लेकवेशी नगरपालिकाले लिएको **"लेक र वेशीको संगमको आधार, कृषि, शिक्षा, स्वास्थ्य र रोजगार सहितको पूर्वाधार"** भन्ने दिर्घकालिन सोच पुरा गर्ने तर्फ प्रतिवद्ध रही लेकवेशी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, जनताका आधारभूत आवश्यकता परिपूर्ति गरी स्थानीय विकास र समृद्धिको चाहनालाई मुखरित गर्न संविधानमा नै अधिकार र जिम्मेवारी सहितको स्पष्ट व्यवस्था

हुनु, संघ र प्रदेश सरकारबाट वित्तीय अनुदान, सशर्त अनुदान, समानीकरण, समपूरक र विशेष अनुदानको व्यवस्था गरेको छ ।

२. स्थानीय कानुन निर्माण र कार्यान्वयन गर्ने, स्थानीय कर संकलन गर्न पाउने, स्थानीय कर्मचारी सेवा र अन्य सेवा गठन गर्न पाउने, संघ र प्रदेश सरकारबाट समन्वय, निर्देशन र सहयोग लगायत नमूना कानूनको उपलब्धता हुनुले स्थानीय सरकारको अवसरको रूपमा लिइएको छ ।

३. मदन भण्डारी राजमार्ग लेकवेशी नगरपालिकाको केन्द्र भएर जानु, पशुपालनको प्रचुर सम्भावना तथा कृषिको लागि उर्वर भूमि हुनु, सचेत र जागरूक नागरिक, राजनीतिक दल, नागरिक समाज हुनु जस्ता सु-अवसर प्राप्त हुनु हाम्रो लागि गौरवको विषय हो भने,

४. सीमित स्रोत साधनका बीच नागरिकका असिमित आकाङ्क्षा पुरा गर्न नसक्नु, पालिकाको माथिल्लो भू-भागमा भौगोलिक विकटतासँग जुध्दै भौतिक पूर्वाधार विकास गर्नुपर्ने, अधिकार खोज्ने तर कर्तव्यबाट पन्छिने संस्कारलाई चिर्दै नगरपालिकालाई सामाजिक, आर्थिक र शैक्षिक रूपमा समृद्ध र सबल बनाउनु पर्ने, संविधानद्धारा प्रदान गरिएको अधिकार अनुरूप आवश्यक कानुनहरू तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,

५. नगरपालिकाको आन्तरिक आयको लागि कर तथा सेवा शुल्कको मापदण्ड तथा क्षेत्रहरू पहिचान र निर्धारण गरी आन्तरिक राजश्व अभिवृद्धि गर्नुपर्ने,

६. विगत वर्षहरूमा विद्यालय भवन, स्वास्थ्य चौकी भवन, विभिन्न सडक निर्माण कार्यको लागि ठेक्का सम्झौता भएकोमा स्रोत अभावका कारण हाल सम्म निर्माण कार्य सम्पन्न गर्न नसकिने,

७. सेवा प्रवाहलाई जनकेन्द्रित, प्रभावकारी र जनउत्तरदायी बनाउन तथा आवश्यकतामा आधारित समावेशी, सन्तुलित र दिर्घकालिन विकास निर्माणलाई आत्मसाथ गर्नुपर्ने,

८. जातीय, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई सम्बोधन गर्नुपर्ने,

९. प्रशासनिक कार्य तथा सेवा प्रवाहलाई छिटो, छरितो, मितव्ययी, प्रभावकारी, पारदर्शी, पूर्व अनुमान योग्य तथा गुणस्तरीय बनाउनु पर्ने, आर्थिक सूचकहरूको विश्लेषण गर्नु र समुचित रूपमा प्राकृतिक स्रोतसाधनको उपयोग तथा संरक्षण गर्नु जस्ता चुनौतीहरू विद्यमान छन्।

१०. विभिन्न अवसरहरूको अधिकतम उपयोग र चुनौतीहरूको विवेकपूर्ण सामना र समाधान गर्दै उपलब्ध अधिकारको प्रयोग गरी नगरपालिकालाई आवश्यक पर्ने कानुनहरू निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, सशर्त अनुदान र विशेष अनुदानबाट नागरिकहरू प्रत्यक्ष लाभान्वित हुने गरी प्रतिफलयुक्त योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

१२. "एक घर, एक धारा" को नीति लिई सबै घरधुरीमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ ।

१३. कृषि क्षेत्रको व्यावसायिकरण, विविधिकरण, बजारीकरण र आधुनिकीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न सम्पत्ति कर, भूमि कर, बहाल कर, व्यवसाय कर लगायत अन्य करहरूलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

१५. नगरपालिकाको सबै वडामा विद्युतको राष्ट्रिय प्रसारण लाइन विस्तार गर्नको लागि विशेष पहल गरिनेछ ।

१६. १५ शैया अस्पताल भवन र स्वास्थ्य चौकी भवनहरू निर्माण कार्य सम्पन्न गरिनेछ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम, कृषि तथा पशुपालनमा अनुदान, विभिन्न लक्षित तथा गरिबवर्गमा सीपमूलक तालिम र आय आर्जनका कार्यक्रम मार्फत रोजगारीका अवसर वृद्धि गरी बेरोजगारी तथा गरिबी न्यूनिकरणका लागि पहल गरिनेछ ।

१८. सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाउन कार्यालयहरूको संस्थागत सुदृढिकरण, जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकास गर्नुका साथै सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईको साथै सूचनाको हक मार्फत सुशासन कायम गरिनेछ ।

१९. नगर विकास कोषसँगको साझेदारीमा व्यावसायिक भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

**सभा सदस्यज्यूहरू,**

हामी निर्वाचित जनप्रतिनिधिहरुलाई मुलुकको नयाँ परिवर्तित राजनीतिक परिवेशमा राज्यको पुनःसंरचनामा कामकाज गर्दा अवश्य पनि केही नयाँ अनुभुतिहरु महसुस गरेका छौ । हाम्रा नयाँ अनुभुति र अनुभवहरुसँगै अभ्यस्त हुँदै नगरपालिकाको कार्यप्रणालीलाई व्यवस्थित गर्ने प्रारम्भिक चरणका प्रयासहरु आरम्भ गरेका छौ । हामी समय परिस्थितिसँगै अभ्यस्त हुँदै नगरमा कार्यप्रणालीमा सुधार ल्याई सुशासन कायम गरी जनताको जीवनस्तरमा सुधार ल्याउने कुरामा दृढ संकल्पित एवं प्रतिबद्ध छौ ।

**नगरसभा सदस्यज्यूहरू,**

**चालु आ.व. ०८०/०८१ को नीति तथा कार्यक्रमको समिक्षा संक्षिप्त रूपमा प्रस्तुत गर्दछु ।**

१. लेकवेशी नगरपालिकाका किसानहरूको दुध उत्पादनलाई बढावा दिन अनुदान कार्यक्रम सञ्चालन गरिएको छ ।

२. पशु चौपायाहरूमा देखा परेको रेबिज रोगको रोकथाम तथा नियन्त्रणका लागि पशु सेवा प्राविधिकहरूलाई टोल बस्तीमा खटाई रेबिज रोगको लागि ९०० पशुहरूमा खोप लगाई महामारी नियन्त्रण कार्यलाई प्रभावकारी बनाइएको छ ।

३. नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि आर्थिक वर्ष २०७६/०७७ मा निर्माण ब्यवसायीसँग ठेक्का सम्झौता भएकोमा विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ को संक्रमणकालिन अवस्था तथा आर्थिक स्रोतको अभावका कारण निर्माण कार्य स्थगित भएकोमा आ.व.०७९/०८० देखि बजेट व्यवस्था गरी निर्माण कार्य सुचारू भई हाल भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

४. नगरपालिका क्षेत्र भित्रका खसी, बोका, बाख्राहरूमा लाग्ने पि.पि.आर. रोग रोकथामका लागि ४५००० थान खोप र एफ.एम.डि. खोप ४००० डोज लगाइएको छ ।

५. नगरपालिकाका सूचीकृत मेलमिलापकर्ताद्धारा वडा स्तरमा विवाद समाधानका लागि तालिम सञ्चालन गरिएको ।

६. नगरपालिकामा सूचीकृत भएका सहकारी संस्था, कृषक समूह मार्फत कृषकहरूलाई उन्नत धान र गहुँको बिउ वितरण गरिनुका साथै किसानहरूसँगको सह-लगानीमा १८७ थान मिनिट्रिलर वितरण गरिएको छ ।

७. विद्युतिय चुलो, सौर्य उर्जा र बायोग्यााँस बिस्तारका लागि नगरपालिकाले सूचीकृत साझेदार संघ/संस्थाहरूसँग सहलगानी गरी नगरबासीहरूलाई अनुदानमा विद्युतिय चुलो वितरण तथा बायोग्यास निर्माण कार्य सम्पन्न गरेको छ ।

८. संघीय सरकारको अनुदान अन्तर्गत विगत आ.व. मा नै १५शैया नगर अस्पताल निर्माणको लागि ठेक्का सम्झौता भएकोमा जग्गा सुनिश्चितता नभएको कारण हालसम्म भवन निर्माण कार्य सूचारू हुन नसकेकोमा वन तथा भू-संरक्षण विभागसँग आवश्यक पहल गरी जग्गा व्यवस्थापनको कार्य सम्पन्न भएकोले अस्पताल भवनको निर्माण कार्य यथाशिघ्र सुचारू गरिनेछ ।

९. यस नगरपालिकाको वडा नं. १ मा रहेको लेखफर्सा स्वास्थ्य चौकी भवन निर्माणको लागि आ.व. ०७९/०८० मा १ करोड लागतमा टेण्डर प्रक्रिया सुरू गरी चालु आ.व.०८०/०८१ मा थप ५० लाख रकम विनियोजन गरिएकोमा उक्त भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१०. यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराईएको छ ।

११. यस नगरपालिकामा बसोबास गर्ने गर्भवती महिलाहरूलाई प्रसुति सम्बन्धि समस्या भई उपचारका लागि उच्चस्तरीय स्वास्थ्य संस्थामा लैजानु पर्ने अवस्था भएमा सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिसमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको र चालु आ.व.०८०/०८१ मा १ वटा एम्बुलेन्स थप गरी गर्भवती महिला र बिरामीहरूलाई उपचार गर्न जानको लागि सेवा प्रवाह थप गरिएको छ ।

१२. यस नगरपालिकाको वडा नं. ४ दशरथपुरमा रहेको ग्राजुयट स्कुल अफ एग्रिकल्चर एण्ड फरेस्ट्री अन्तर्गत बि.एस्सी.एजि. कार्यक्रमका लागि आवश्यक भवन निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको र छात्राबासको लागि भवन निर्माण कार्य सुरू भइरहेको छ ।

१३. यस नगरपालिकाको स्वास्थ्य सेवालाई महत्व दिई पालिका भित्र स्थायी बसोबास गर्ने १ जना जेहेन्दार विद्यार्थीलाई प्रत्येक वर्ष चिकित्सा शिक्षा (एम.बि.बि.एस.) अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने नीति अनुरूप हालसम्म २ जनालाई छात्रवृत्ति प्रदान गरिएको ।

१४. यस नगरपालिकाको चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ८९ जना र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत २२५ जना गरी जम्मा ३१४ जनालाई रोजगारी प्रदान गरी बेरोजगारी न्यूनिकरण गरिएको छ ।

१५. नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारीहरूको संस्थागत क्षमता विकासका लागि कोपोमिस तथा लेखा व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन गरिएको छ ।

१६. उद्यमीहरूको सीप तथा क्षमता विकासका लागि विभिन्न किसीमका सीपमूलक तालिम सञ्चालन गरिएको छ ।

१७. यस नगरपालिका अन्तर्गतको सामुदायिक विद्यालयहरूमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि पालिका र विश्व खाद्य कार्यक्रमको साझेदारीमा भान्साघर निर्माणको साथै दिवा खाजा मेनु तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

१८. यस नगरपालिकाका विद्यार्थीहरूको परीक्षाको मूल्याङ्कनलाई गुणस्तरीय बनाउन कक्षा ८ को परीक्षा एकीकृत प्रणालीबाट सञ्चालन गरिएको छ ।

१९. किशोरीहरूले महिनावारी हुँदा विद्यालय छोड्ने परिपाटीलाई अन्त्य गर्न सामुदायिक विद्यालयहरूमा निःशुल्क रूपमा स्यानिटरी प्याड वितरण गरिएको छ ।

२०. नगरपालिकाबाट सञ्चालन गरिने विकास योजना तथा कार्यक्रमहरूलाई व्यवस्थित तवरबाट सञ्चालनको लागि आवश्यक कानुनहरूको निर्माण गरी कार्यान्वयन गरिएको छ ।

२१. यस नगरपालिकाको कृषियोग्य भूमिको संरक्षणको लागि भू-उपयोग योजना, खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त

गर्न खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास प्लान) र नगरपालिकाका जनतालाई भोक, रोग र गरिबीबाट जोगाउनका साथै निरोगी, सक्षम र सक्रिय जनशक्तिको विकास गर्न आवधिक योजना बनाई लागु गरिएको छ ।

२२. यस नगरपालिकाको वडा नं. ४ र ६ मा विगत समय देखि नापजाँच भई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्न बाँकी रहेका अधुरा जग्गाहरूको भूमि आयोगसँगको सहकार्य र सहयोगमा जग्गाधनी प्रमाण पुर्जा वितरण कार्य सम्पन्न गरिएको छ ।

२३. यस नगरपालिका, हेल्भेटास र स्याक नेपालको संयुक्त साझेदारीमा पालिका भित्रका जनतालाई स्वच्छ खानेपानी व्यवस्थापन गर्न "एक घर, एक धारा" कार्यक्रम सञ्चालनमा ल्याई १८ वटा योजना मार्फत २३३८ घरधुरीमा खानेपानी व्यवस्थापन गरिएको छ ।

२४. यस नगरपालिका क्षेत्र भित्रका ३ वटा झोलुङ्गे पुल आयोजना (क्रमागत) सम्पन्न भएको छ।

२५. सडक बोर्ड नेपालसँगको साझेदारीमा करिब ९०० मिटर सडक स्तरोन्नति गरिनुका साथै संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा करिब ३ कि.मी. सडक ग्राभेल गरिएको र नगरपालिकाको लगानीबाट १.६ कि.मी. सडक स्तरोन्नति गरिएको छ ।

२६. यस नगरपालिका क्षेत्र भित्र कृषियोग्य भू-भागमा सिंचाई गरी कृषि उत्पादन बढाउन संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संघ/संस्था र पालिकाको आफ्नै लगानीबाट विभिन्न वडाहरूमा पक्की सिंचाई कुलो निर्माण सम्पन्न गरिएको छ ।

२७. यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा निःशुल्क शिक्षा व्यवस्थापन गर्न माध्यमिक विद्यालय तथा आधारभूत विद्यालयहरूमा दरबन्दी शून्य भएको अवस्था, विद्यार्थी संख्याको आधारमा शिक्षकको कमी भएको कारण गुणस्तरीय शिक्षा एवं सिकाई उपलब्धि बढाउन र विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि नगरपालिकाबाट विद्यालयहरूलाई उपलब्ध हुने शिक्षण सिकाई अनुदानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ । यस कार्यबाट पालिका भित्र २१ वटा सामुदायिक विद्यालय अन्तर्गत माध्यमिक तहमा १७, आधारभूत तहमा ८ र प्राथमिक तह ४ जना गरी जम्मा २९ जना शिक्षक व्यवस्थापन गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरू,**

नगरपालिकाको आवश्यकता, प्राथमिकता र अधिकारको समुचित रूपमा विकास गरी आवधिक योजनाको लक्ष्य तथा उद्देश्य पुरा गर्न सकिएमा नगरपालिका नगरबासीहरू प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन गर्दै **"लेक र वेशीको संगमको आधार, कृषि, शिक्षा, स्वास्थ्य र रोजगार सहितको पूर्वाधार"** भन्ने दिर्घकालिन सोचलाई साकार पार्न म यस गरिमामय सभा समक्ष आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**नगरपालिकाको समग्र नीतिहरूः**

१) कृषि क्षेत्रको व्यावसायिकरण, विविधिकरण, उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी आयआर्जन तथा रोजगारका थप अवसर सिर्जना गरिनेछ ।

२) रोजगारमूलक योजना तथा कार्यक्रम कार्यान्वयन गरी नगरपालिकामा नै रोजगारीका थप अवसरहरू सिर्जना गरिनेछ ।

३) नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूको भौतिक पूर्वाधार, जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाई सुशासनको प्रत्याभूति गराइनेछ ।

४) स्थानिय तहको अधिकार क्षेत्र भित्र नगरपालिकाले लगाउन र उठाउन पाइने कर, गैर कर तथा राजश्वका स्रोतको पहिचान, संकलन, उपलब्ध स्रोतहरूको अधिकतम प्रयोग गरी करको दर र दायरामा वृद्धि गरी आन्तरिक राजश्व बढाइनेछ ।

५) नगरपालिका क्षेत्र भित्र वातावरण मैत्री, बालमैत्री, समावेशी स्थानीय शासन पद्दति कार्यान्वयनमा ल्याइनेछ ।

६) ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ ।

७) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८) नगरपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासका लागि क्षेत्रगत गुरूयोजना र रणनीतिक गुरूयोजना निर्माण गरी योजनावद्ध विकास अभियानहरू सञ्चालन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

९) यस नगरपालिकाको वडा नं. ५ भौगोलिक अवस्थाले विकट र क्षेत्रफलको हिसाबले ठुलो भुगोल र बस्तीहरूको अवस्था आर्थिक, सामाजिक हिसाबले कमजोर भएकोले उक्त वडालाई विशेष वडाको रूपमा लिई संघ, प्रदेश र पालिका तथा साझेदार संघ/संस्थाहरूबाट हुने कार्यक्रमहरूमा विशेष प्राथमिकता दिइनेछ ।

## १. आर्थिक विकास तथा रोजगार नीति

### (क) कृषि, खाद्य तथा पशुपन्छी नीति

१. कृषिको आधुनिकीकरणका लागि आधुनिक कृषि औजारहरुको प्रयोग गरि कृषि कार्यलाई सरल, सहज र उत्पादनमुखी बनाइनेछ ।

२. कृषि क्षेत्रमा पकेट क्षेत्र निर्माण गरि कृषिलाई व्यावसायिक र कृषि पर्यटनको विकास गरिनेछ ।

३. युवा लक्षित कार्यक्रम कार्यान्वयन गरी वेरोजगार युवालाई कृषि कार्यमा आवद्ध गरी रोजगारमैत्री बनाईनेछ ।

४. स्वच्छ खाना र स्वस्थ जिवनयापनका लागि अर्गानिक कृषि उत्पादनमा जोड दिईनेछ।

५. उन्नत खेती प्रविधि सम्बन्धि तालिम प्रदान गरि कृषकलाई दक्ष बनाईनेछ ।

६. रैथाने बालीको प्रवर्द्धनमा जोड दिईनेछ ।

७. उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

८. किसानको पहिचान सहितको परिचय पत्र वितरण गरी वर्गिकरणको आधारमा कृषकहरुलाई नगरपालिकाबाट सेवा, सुविधा उपलब्ध गराईनेछ ।

९. व्यावसायिक पशुपन्छीपालनका माध्यमबाट स्वरोजगार सिर्जना गरि आय आर्जन वृद्धिमा जोड दिईनेछ ।

१०. दुध, फुल र मासुमा आत्मनिर्भर बनाउदै निर्यात प्रवर्द्धनमा जोड दिईनेछ ।

११. पशुपन्छी उपचार सेवालाई समय सापेक्ष रुपमा संचालन र व्यवस्थापन गरिनेछ।

१२. संघ र प्रदेशसँगको सहकार्यमा उत्पादित पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादनहरूको बजारीकरणमा जोड दिईनेछ ।

१३. पशुपन्छीमा लाग्ने रोग अन्वेषणका लागि प्रयोगशाला सेवालाई प्रभावकारी बनाउँदै आवश्यकता अनुसार घुम्ती प्रयोगशाला कार्यक्रम संचालन तथा पशु अस्पतालको स्थापनाका लागि पहल गरिनेछ ।

१४. पशुपन्छीजन्य पदार्थहरु मानिसको उपभोगकै लागि प्रयोग हुने भएकोले यसको गुणस्तर प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

१५. कृषि तथा पशुपन्छीहरुको तथ्याङ्क, उत्पादन, बजारीकरण र उपभोग अवस्थाको यथार्थपरक विश्लेषण गरि पशु सेवा क्षेत्रको विकास तथा विस्तारका लागि रणनैतिक योजना तयार गरिनेछ ।

१६. पशुपन्छीहरुमा नश्ल सुधार तथा उत्पादन वृद्धिका लागि उन्नत जातका राँगो, बोकाहरुको वितरण तथा कृत्रिम गर्भाधान सेवाको विस्तार गरिनेछ ।

१७. पशुपन्छीजन्य उत्पादन र उपभोगका माध्यमबाट मानिसको पोषण सुधार गर्न गाई/भैसी प्रवर्द्धन कार्यक्रम, बाख्रा प्रवर्द्धन कार्यक्रम, बंगुर प्रवर्द्धन कार्यक्रम र ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रमलाई सम्भाव्यताका आधारमा क्षेत्रगत रुपमा संचालन गरिनेछ ।

१८. पशुपन्छीजन्य उत्पादनको उत्पादकत्वमा वृद्धि, गुणस्तरियता र व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि कृषकहरुलाई उत्पादनको आधारमा अनुदान, पशुपन्छीहरुको गोठ/खोर सुधारका लागि अनुदान, कृषक प्रोत्साहन कार्यक्रम र पशुपन्छीको बिमा प्रवर्द्धन कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१९. पशुपन्छीमा खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२०. पशु आहारा सेवालाई विस्तार गरि उत्पादन लागत कम गर्दै लगिनेछ ।

२१. कृषि क्षेत्रको विविधिकरण, व्यावसायीकरण र जलवायु मैत्री कृषि प्रणालीमा योगदान पुर्याइनेछ ।

२२. जलवायु मैत्री कृषि प्रणालीको विकास गरेर आर्थिक अवसरहरूको सिर्जना गर्न कृषकहरू, जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई जलवायुमैत्री कृषि प्रवर्द्धन क्षमता अभिवृद्धि गरिनेछ ।

२३. कृषि तथा पशुपन्छी र बालीमा आउन सक्ने महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

## (ख) उद्यमशीलता प्रवर्द्धन तथा रोजगार नीति

१. स्थानीय सरकारले ***"उद्यमशीलता, रोजगारी र उत्पादन वृद्धिः हुन्छ नगरको समृद्धि"*** नीति अवलम्वन गरी उपलब्ध स्रोत साधन, पुँजी, सीप एवं प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. खाद्य, कृषि तथा वनजन्य वस्तुहरुको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने घरायसी प्रयोजनका वस्तु एवं स्थानीय स्तरमा प्राप्त हुन सक्ने कच्चापदार्थ प्रयोग गरी उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना र विस्तार तथा प्रवर्द्धनमा विशेष प्रोत्साहनका लागि पहल गरिनेछ ।

३. घरेलु तथा साना उद्योगहरुलाई अनुगमन तथा नियमन गरी आवश्यकता अनुसार स्तरउन्नतीका गरिनेछ ।

४. महिला, एकल महिला, दलित, असहाय तथा विपन्न वर्ग लगायतका समुदायहरुको व्यवसायिक उत्थान एवम् जनजीवनको सहजताका लागि आवश्यक सीपमूलक तालिम प्रदान गरिनेछ ।

५. यस नगर क्षेत्रभित्र सम्भाव्य उद्यमी पहिचान गरी व्यवसाय प्रति जागरुकता/उत्सुकता जगाउन उद्यमशीलता विकास तालिम संचालन गरिनेछ र सफल उद्यमीलाई प्रोत्साहन तथा पुरस्कृत कार्यक्रम सञ्चालन गरिनेछ ।

६. वैदेशिक रोजगारीबाट फर्किएका युवा/युवतीहरुलाई वैदेशिक सिप को सदुपयोग तथा ज्ञान हस्तान्तरणका लागि युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरी नगरक्षेत्र भित्रै स्वरोजगारको वातावरण सृर्जना गर्न पहल गरिनेछ ।

७. स्थानीय स्तरमा उत्पादन भएका उत्पादनको बजारीकरणका लागि समन्वय तथा सहकार्य गरिनेछ ।

८. उद्यम विकासको क्षेत्रमा सक्रिय विभिन्न व्यक्ति, विकास साझेदार संघ/संस्थाहरुको क्षमता विकासका लागि समन्वय तथा सहकार्यमा आवश्यक तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।

९. स्थानीय संस्कृति र रैथाने सिपलाई निरन्तरता दिन अन्तरपुस्ता सिप हस्तान्तरण गर्ने कार्यलाई अभिवृद्धि गरिनेछ ।

१०. स्थानीयस्तरमा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरि उद्यम स्थापना तथा संचालनका लागि पहल गरिनेछ ।

११. लघु, घरेलु तथा साना उद्यमको विकास र विस्तारका लागि विभिन्न प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालनका लागि संघ, प्रदेश र विकास साझेदार संघसंस्थाहरूसँग समन्वय गरिनेछ ।

१२. सीप विकास तालिम मार्फत् सीपको अभिवृद्धि गरि स्वरोजगारमूलक क्रियाकलापहरु संचालन गरिनेछ ।

१३. उद्यमशीलता सचेतना कार्यक्रम मार्फत् उद्मशीलता विकास गरिनेछ ।

१४. राज्यको समावेशी विकासको सिद्धान्त अनुरुप आर्थिक तथा सामाजिक रुपमा पछि परेका व्यक्ति तथा समुदायमा सीप विकास तथा उद्मशीलता तालिम प्रदान गरिनेछ।

१५. नव पर्वद्धनमा आधारित स्थानीय आर्थिक विकासका माध्यमबाट उद्यमशीलता विकास र रोजगारी श्रृजना गरिनेछ ।

१६. आम उपभोक्ताहरुको हक हितलाई मध्यनजर गरी स्वच्छ र सन्तुलित बचत कायम गर्न नियमन गरिनेछ ।

१७. बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गरी सूचिकृत गरिनेछ । बेरोजगार सूचिकृत युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र अन्य रोजगारदातासँग समन्वय तथा सहकार्य गरी स्थानीय योजना तथा कार्यक्रममा सहभागी गराई रोजगारीको अवसर प्रदान गरिनेछ ।

१८. नगरपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभुति गर्नका लागि ***"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रुपान्तरणको लागि पहल आयोजना"*** मार्फत समुदायको विकाससँगै सामाजिक सुरक्षाको प्रत्याभुति गराईनेछ ।

१९. बैदेशिक रोजगारीबाट फर्किएका १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिलाई बेरोजगारको सूचिमा सूचिकृत हुन आह्वान गरि सूचिकृत व्यक्तिलाई नगरपालिका अन्तर्गत सञ्चालित स्थानीय भौतिक पूर्वाधार, उद्योग तथा निर्माण सेवाको क्षेत्रमा परिचालन गरिनेछ । साथै रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारदातासँग सम्पर्क स्थापित गराई रोजगारी प्राप्तिमा सहयोग गरिनेछ ।

२०. नगरपालिकामा बसोवास भएका तर रोजगारी, उद्यम, व्यापार, व्यवसाय नभएका प्रत्येक परिवारका १ जना सदस्यलाई स्थानीय पूर्वाधार निर्माणमा रोजगारी दिई नगरपालिका भित्र कोही पनि भोकै नपर्ने अवस्थाको सिर्जना गरिनेछ ।

२१. बेरोजगारीका कारण विदेशिने युवा युवतीहरूलाई लक्षित गरी सुरक्षित आप्रवासन सम्बन्धी परामर्श सेवा मार्फत युवा युवती लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. आगामी आ.व. देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाको लागत साझेदारीमा कार्य गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्द्धन र भौतिक पूर्वधारको विकास गरिनेछ ।

२३. संघ तथा प्रदेशले ल्याएका रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ  साथै आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैर सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरि एकीकृत रोजगार सेवा प्रदान गरिनेछ ।

२४. अदक्ष तथा अर्धदक्ष बेरोजगार व्यक्तिहरुलाई सीप विकास तालिम संचालन गरि व्यावसायिक योजना बनाउन सहयोग गरि उपयुक्त प्रविधि हस्तान्तरण मार्फत दिगो रोजगारीको लागि पहल गरिनेछ ।

२५. स्वैच्छिक रुपमा वैदेशिक रोजगारीमा जान चाहाने व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृति नगरपालिकाबाट गरिनेछ ।

२६. बाध्यकारी रुपमा वैदेशिक रोजगारीमा जाने अवस्थाको अन्त्य गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण तथा परामर्श सेवा प्रदान गर्नुका साथै वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुनः एकीकरण सम्बन्धी क्रियाकलाप संचालनको लागि पहल गरिनेछ ।

२७. रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गरी आवश्यकता अनुसार स्थानीय तहलाई राय सुझाव प्रदान गर्न रोजगार संवाद मञ्च क्रियाशिल गरिनेछ, साथै रोजगार रणनीति बनाई लागु गरिनेछ।

२८. जुनसुकै क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई श्रम ज्याला सुनिश्चितता गरिनेछ ।

## (ग) उद्योग तथा व्यापार नीति

१. औद्योगिक ग्राम स्थापनाको लागि पहल गरी स्थानीय कच्चा पदार्थमा आधारित व्यवसायी तथा उद्यमीको प्रवर्द्धन, नियमन तथा अनुगमन गर्ने नीति लिइनेछ ।

२. परम्परागत रुपमा संचालनमा रहेका उद्यमलाई नयाँ र आधुनिक विधिसँग आवद्ध गराई सीप र क्षमताको अभिवृद्धिका लागि पहल गरिनेछ ।

३. लघु तथा घरेलु उद्यमको संस्थागत विकास, विस्तार गरी त्यस्ता उद्योगहरूको वित्तीय प्रवर्द्धन गरिनेछ ।

४. नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको व्यापार, व्यवसायहरूलाई नगरपालिकामा दर्ता गरी व्यापार, व्यवसायहरूको प्रवर्द्धन गरिनेछ ।

५. उद्योग तथा व्यवसायबाट नगरलाई प्राप्त हुने उद्योग रजिष्ट्रेशन, नविकरण तथा सो को अन्य प्रशासनिक शुल्क तथा दस्तुर उठाउन उद्योग प्रशासन शाखालाई प्रभावकारी बनाइनेछ ।

६. उद्योग एवं व्यवसाय प्रशासनका कार्यहरु सरलीकृत रुपमा सम्पादन गर्न एवं सेवा प्रवाह छिटो, छरितो बनाउन आवश्यक श्रोत साधनको व्यवस्थापन गरि राजस्व सकलनमा अभिवृद्धि गरिनेछ ।

## (घ) पर्यटन नीति

१. नगरको पर्यटन प्रर्वद्धनका लागि पर्यटकीय क्षेत्रको पहिचान गरी प्रचार प्रसारमा संचार माध्यम र नीजि क्षेत्रसँग सहकार्य गर्ने नीति लिइनेछ ।

२. यस नगरपालिकाको क्षेत्र भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनका लागि विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

३. संघीय तथा प्रदेश सरकारको समन्वयमा लेकवेशी नगरपालिकाको पर्यटन स्थलहरु जस्तैः लेकगाँउको स्कुलडाँडा, मालधुरी नेटा, भोटेदरबार, सात्तले गुफा, बाग्दुल्ला गुफा, ठ्युरो गुफा, ऋषि गुफा, लामिडाँडा थाम लगायतका स्थानहरूमा पर्यटनको विकास गरिनेछ ।

४. संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संघ/संस्थाहरुको समन्वय तथा सहयोगमा भेरी-बबई डाईभर्सनको मुहान भेरी नदी किनार छोटेमा होम-स्टे, होटल लज तथा पिकनिक स्थलको रुपमा विकास गरी पर्यटकलाई आकर्षणका लागि पहल गरिने छ ।

## (ङ) भूमि, सहकारी तथा वित्तीय नीति

१. नगरपालिका क्षेत्र भित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धि कार्य सम्पन्न भएको छ । उक्त लगत संकलन कार्यको राष्ट्रिय भूमि आयोगसँग समन्वय र सहकार्य गरी आयोगले निर्माण गरेको कानून, कार्यविधी बमोजिम बाँकी रहेका कार्यलाई आवश्यक बजेट व्यवस्था गरी अगाडी बढाईनेछ।

२. नेपाल सरकार भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको परिपत्रानुसार भूमिको वैज्ञानिक उपभोग र खण्डिकरण नियन्त्रण गर्न भू-उपयोग नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

३. लेकवेशी नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक, ऐलानी, सरकारी पर्ति जग्गाहरुको एकिकृत विवरण तयार गरी समुचित उपयोग, संरक्षण र सार्वजनिक उपयोगमा ल्याइनेछ । स्थानीय तहबाट हुने पार्क, खुला क्षेत्रका पूर्वाधारहरुको निर्माणमा सार्वजनिक जग्गाको प्रयोगलाई प्राथमिकता दिई आवश्यकता र सम्भावनाको आधारमा उपयोग र व्यवस्थापन गरिनेछ ।

४. गाउँघरमा छरिएर रहेको पूँजिलाई सहकारीको माध्यमबाट एकिकृत गरि उत्पादनमा लगानी गरी जनताको आर्थिक कृयाकलापमा अभिवृद्धि गरी उत्पादन वृद्धि गरिनेछ, भने बचत संकलन तथा ऋण लगानी मात्र गर्ने सहकारीलाई निरूत्साहित गरिनेछ ।

५. नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको संस्थागत तथा क्षमता विकास गरिनेछ ।

६. नगरपालिकाको कार्यक्षेत्र भित्र संचालित सहकारीहरुको वित्तीय अनुशासन र लगानी लगायतका विषयमा नियमन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

७. आवश्यकता र प्राथमिकताका आधारमा उत्पादनमूलक र सेवामूलक सहकारीलाई थप गर्न र यस क्षेत्रमा लाग्न थप प्रोत्साहित गरिनेछ । विगतमा दर्ता भई निष्कृय भएका र नयाँ सहकारी संस्थाहरुलाई क्षमता विकासका कार्यक्रमहरुका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् सहकारी व्यवस्थापन लगायतका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ । आवश्यकताका आधारमा सहकारीहरुको दर्ता, अनुमति, खारेजी र विघटनको कार्यलाई निरन्तरता दिनुको साथै सहकारीहरुलाई एकिकरण गरिने नीति लिईनेछ ।

८. ***"एक सहकारी एक उत्पादन"*** को कार्यक्रम सञ्चालन गर्न सहकारीलाइ उत्प्रेरित गरिनेछ । जसका लागि उत्पादन परिमाणका आधारमा अनुदानको व्यवस्था गरि उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ । विभिन्न सहकारीहरुलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरण तर्फ उन्मुख गराउन ती संस्थाहरुलाई प्रेरित गरिनेछ । सहकारीको माध्यमबाट विपन्न वर्गका सदस्यहरुको संलग्नतामा सञ्चालन हुने व्यवसायिक आयोजनाहरुलाई वित्तिय सहयोगका लागि प्राथमिकता दिइनेछ ।

९. सहकारी संस्थाहरूलाई चुस्त दुरुस्त बनाउनका लागि COPOMIS सफ्टवेरमा आवद्ध गर्ने र सम्पति शुद्धिकरण सम्बन्धि ऐनमा व्यवस्था भए अनुसारका सम्पत्ति शुद्धीकरण मापदण्ड अवलम्वन गरिने नीति लिईने छ ।

१०. मुलुकमा आएको आर्थिक मन्दीका साथै सहकारी संस्थाका सञ्चालकहरुले व्यक्तिगत स्वार्थका लागि सदस्यको बचत दुरुपयोग गरेको उदाहरणहरु बढ्दै गएका छन् । सहकारीको ब्यानर राखेर सदस्यबाट संकलित बचतलाई आफु अनुकुल परिचालन गर्दा एकपछि अर्को संस्था वित्तीय रुपमा संकटग्रस्त बन्दै गएका छन् । सहकारीमा शुसासन कायम गर्न आलटाल गर्ने र नियामक निकायले पटकपटक दिएका निर्देशनहरु पालना गर्न आनाकानी गर्ने संस्थाहरुलाई समस्याको पहिचान, वर्गीकरण र निरुपणका विधिहरु निर्माण गरिने छ ।

११. नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारीमा वित्तिय सुशासन कायमा राख्न, संस्थागत क्षमता बृद्धि गर्न नगरपालिकाबाट नियमित अनुगमन, मुल्याँकन गर्ने साथै आवश्यक अभिमुखिकरण तालिम सञ्चालन तथा सहकारी समन्वय वैठक गरिने छ ।

१२. वर्तमान वित्तीय बजारमा सहकारीको उपस्थितिलाई वित्तीय रुपमा सुरक्षित र नीतिगत रुपमा सुशासित राख्न सरोकारवाला निकाय र सहकारी संघ संस्थालाई जवाफदेहि बनाईनेछ ।

१३. सहकारी संस्थाको सुदृढीकरणका लागि उद्देश्य अनुरुप कार्य गर्न एक व्यक्ति एक सहकारीको संचालकमा मात्र रहने व्यवस्था गरी अनिवार्य रूपमा लागु गरिनेछ ।

१४. जनताको आयश्रोत तथा क्रय क्षमताका आधारमा करका दरहरु निर्धारण गरी नगरपालिकाको आयश्रोत वृद्धि गरी जनसरोकार तथा जनजीविकाको स्तर सुधारमा लगानी वृद्धि गरिनेछ ।

१५. स्थानीय तहको क्षेत्राधिकारको रुपमा रहेको घर वहाल कर, सम्पत्ति कर र व्यवसाय कर जस्ता महत्वपूर्ण करको दायरा बिस्तारको नीति लिईनेछ ।

१६. वित्तिय ब्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता बहन गर्ने क्षमतामा सुधार ल्याईनेछ।

१७. नेपालको संविधान अन्तरगत स्थानीय तहको अधिकार सुची भित्र पर्ने सम्पत्ति कर, भूमि कर, घरजग्गा बहाल कर, व्यापार व्यवसाय कर, जडिवुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, वहाल विटौरी शुल्क, मनोरञ्जन कर, पार्किङ्ग शुल्क तथा विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवं शुल्क तिरेको अनुभुति हुने गरी कर संकलन कार्यलाई निरन्तरता दिईनेछ ।

१८. कर असुली कार्यलाई पारदर्शी गराउन प्रविधि मैत्री बनाई नगर तथा वडामा कार्यरत कर्मचारीलाई विभिन्न क्षमता विकासका तालिम सञ्चालन गरिनेछ ।

## २. सामाजिक विकास नीति

### (क) शिक्षा नीति

१. शिक्षालाई सर्वसुलभ, पहुँचयोग्य र सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरी गुणस्तरीय शिक्षा प्रभावकारी बनाईनेछ ।

२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचमा ल्याईनेछ।

३. आगामी आर्थिक बर्षमा नगर शिक्षा योजना र स्थानीय पाठयक्रम निर्माण गरी लागु गरिनेछ ।

४. विद्यालय शिक्षाको गुणस्तर बढाउन **ICT** को पहुँच, फर्निचर, कम्प्यूटर तथा पुस्तकालयको व्यवस्थापन गरिनेछ ।

५. शिक्षकको पेशागत विकासका लागि छोटो अवधिको मोडयूलर तालिमको व्यवस्था गरिनेछ ।

६. विद्यालय शिक्षाको गुणस्तर बढाउन अनुगमन, मूल्याङ्कन तथा थप पृष्ठपोपणको कार्यलाई प्रभावकारी बनाईनेछ ।

७. आधारभूत तह कक्षा ८ र कक्षा ५ को बार्षिक परीक्षालाई नगरस्तरीय रुपमा सञ्चालन गरिनेछ ।

८. आगामी आर्थिक बर्षमा दरबन्दी मिलान तथा विद्यालय मर्ज गर्ने कार्य अगाडी बढाइनेछ ।

९. विगतमा प्रदान गरिदै आएको नगर शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिईनेछ ।

१०. विद्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ताहरुलाई दिईदै आएको थप प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।

११. विद्यालयहरुको भौतिक निर्माण कार्यलाई आवश्यकताको आधारमा थप व्यवस्थित गरिनेछ ।

१२. विद्यार्थीहरुको थप सिकाई उपलब्धी बढाउन विद्यालयगत कार्ययोजना निर्माण गराई प्रभावकारी रूपमा कार्यान्वयन र अनूगमन कार्य गरिनेछ ।

१३. विद्यालयहरुमा स्थानिय उत्पादनमा आधारित दिवा खाजा एकै प्रकारको मेनु प्रयोग गरि व्यवस्थित बनाईनेछ ।

१४. विद्यालयहरूमा सेनेटरी प्याडको प्रयोगलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१५. सामुदायिक सिकाई केन्द्रको संख्यामा बढोत्तरी गरिनेछ ।

१६. मगर भाषाको स्थानीय पाठ्यक्रम आगामी आर्थिक बर्ष भित्रमा निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१७. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापक एवं शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ ।

१८. विद्यार्थी संख्या धेरै भएका बालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएका माध्यमिक विद्यालयहरुलाई बस सेवा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१९. कक्षा १ देखि ३ का शिक्षकहरूलाई समय सापेक्ष तालिमको व्यवस्था एवं कक्षाकोठाहरूलाई गुणस्तरीय र बालमैत्री बनाइनेछ ।

२०. माध्यमिक तहबाट सञ्चालनमा रहेका बालविकास केन्द्रहरुमा कार्यरत सहयोगी कार्यकर्ताहरुको पारिश्रमिक व्यवस्था गरिनेछ ।

२१. विद्यालयहरुमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापलाई थप व्यवस्थित बनाईनेछ।

२२. विद्यालयहरुलाई बालमैत्री वातावरण निर्माण गर्न शिक्षण सिकाई सामाग्रीको व्यवस्था गरिनेछ ।

### (ख) जनस्वास्थ्य नीति

१. नगरपालिका भित्र रहेका सबै वडाहरुमा स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चितता गरिनेछ।

२. नगरपालिका भित्र १५ शैयाको अस्पताल निर्माण कार्यलाई निरन्तरता दिदै प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वधार विकास तथा व्यवस्थापन गरिनेछ ।

३. गुणस्तरिय सेवा प्रवाहलाई सुदृढ गर्नका लागि आवश्यक जनशक्ति, पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार, उपकरण तथा निदानात्मक सेवालाई थप प्रभावकारी बनाइनेछ ।

४. स्वास्थ्य खानेपानी तथा खाद्यपदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन गर्नुका साथै सरसफाईमा सचेतना गर्नका लागि नगरस्तरीय सरसफाई नीति बनाई कार्यान्वयनमा लगिनेछ ।

५. न्यूनतम सेवा मापदण्ड अनुसारको स्वास्थ्य सेवा नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाबाट अनिवार्य रूपमा प्रवाह गरिनेछ ।

६. सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग वृद्धि गरिनेछ ।

७. किशोर किशोरी, महिला तथा बालबालिकामा विद्यमान कुपोषण न्यूनिकरणका लागि रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापन सेवा सञ्चालन गरिनेछ ।

८. बालबालिका र किशोर, किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरी मृत्युदर र रुग्णता दर घटाइनेछ ।

९. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।

१०. सुर्तिजन्य पदार्थ, मदिरा तथा लागू पदार्थहरुको प्रयोगमा नियन्त्रण तथा नियमन गर्नुका साथै सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११. जुनोटिक, किटजन्य रोग तथा जनस्वास्थ्य, आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना कार्यान्वयन गरिनेछ ।

१२. जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको स्थानीयस्तरको क्लिनिक दर्ता, संचालन अनुमति र नियमन गरिनेछ ।

१३. स्वास्थ्य क्षेत्रका प्रगति एंव उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हासिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१४. तथ्याङ्कमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न एकीकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधी मैत्री बनाउदै लगिनेछ ।

१५. स्थानीय स्तरमा औषधि जन्य वनस्पति, जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन प्रशोधन र वितरण गर्न प्रोत्साहन गरिनेछ ।

१६. स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षाको व्यवस्था गरिनेछ ।

१७. स्वास्थ्य क्षेत्रमा सुशासन कार्यम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममूखी बनाईनेछ ।

१८. महिला स्वास्थ्य स्वंयसेविकाहरुको योगदानलाई उच्च कदर गर्दै प्रोत्साहन गरिनेछ ।

१९. मानसिक रोगीहरूलाई मनोसामाजिक परामर्श तथा उपचारको व्यवस्था गरी न्यूनिकरण गरिनेछ ।

## (ग) खानेपानी तथा सरसफाई नीति

१. जनतालाई शुद्व खानेपानी उपलब्ध गराउन स्रोतले भ्याएसम्म संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संघ/संस्थाहरुसँग सहकार्य, समन्वय गरेर खानेपानी योजनाहरु सञ्चालन गरिने छ । साथै स्रोत नभएका बस्तीहरुमा खानेपानी घैटो कार्यक्रम ल्याईनेछ।

२. नगरका सबै वडाहरुमा पूर्ण सरसफाई कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ।

## (घ) संस्कृति प्रवर्द्धन नीति

१. परम्परागत लोक कला, संस्कृति, जात्रा, मेला, पर्वको संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक पहल गरिनेछ ।

## (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

१. बालमैत्री स्थानीय शासन पद्दतिको कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको विवरण अद्यावधिक गरी यथार्थपरक बनाइनेछ ।

३. द्धन्द्ध पिडित, घाइते, अपाङ्गता र सहिद परिवारलाई राहत उपचार र आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. महिला विकास सहकारी संस्थाहरुको संस्थागत विकासका लागि महिला समूह, समिति गठन, संस्था व्यवस्थापन र सदस्यहरुलाई अनुशिक्षण, नेतृत्व विकास तथा संस्थागत विकास तालिम सञ्चालनमा जोड दिईनेछ ।

५. लैङ्गिक हिंसा, चेलीबेटी बेचविखन तथा घरेलु हिंसा जस्ता जघन्य अपराधहरुको न्यूनिकरणका लागि नगर स्तरीय समिति गठन गरि त्यस्ता घटना न्यूनिकरणका लागि जनचेतनामूलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

६. बालबालिकाको आधारभूत अधिकार संरक्षणका लागि आवश्यक नीति तथा कार्यविधि तयार गरी कार्यान्वयनमा लगिनेछ ।

७. नगरपालिका र वडा स्तरीय बाल अधिकार तथा संरक्षण समिति गठन गरिनेछ ।
८. नगरपालिका र वडा स्तरीय बाल क्लब/सञ्जाल गठन गरी क्रियाशिल गरिनेछ ।
९. पालिका भित्र रहेका अनाथ, असहाय बालबालिकाहरुको तथ्यांक संकलन गरी आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ ।
१०. पालिका भित्र बालविवाह न्यूनिकरण तथा रोकथामका लागि भएका कानुनी व्यवस्थाहरूलाई अनिवार्य लागु गरी कार्यान्वयन गरिनेछ ।
११. पालिका भित्रका ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि आवश्यकता स्थानहरूमा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर संचालन गरिनेछ ।
१२. पालिका भित्र रहेका विभिन्न वर्गका अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइ अपाङ्ग व्यक्तिहरुको क्षमता अभिवृद्धि र आवश्यक सहायक सामाग्री वितरण र आयआर्जनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**(च) युवा तथा खेलकुद तर्फः-**

१. नगर खेलकुद समितिलाई क्रियाशील बनाई नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि विद्यालयहरुमा पूर्वाधारको विकास गरिनेछ ।
२. एक वडा एक खेल मैदान निर्माणका लागि प्रदेश सरकार र संघीय सरकार समक्ष विशेष पहल गरिनेछ ।
३. खेलकुद तथा अन्य क्रियाकलापहरू सञ्चालन गरी युवाहरू बीच प्रतिस्पर्धात्मक भावनाको विकास गरिनेछ ।

## ३. भौतिक पूर्वाधार तथा विकास नीति

**(क) सडक तथा पुल**

१. सबै सडकहरुको Right Of Way निर्धारण गरी सडक संरक्षण गर्नुको साथै सडकहरूको नामाकरण गरिनेछ ।
२. नगरपालिकामा रहेको ब्याक हो लोडरलाई नगर भित्रका कच्ची सडकमा आउने पहिरो लगायतका अवरोधहरु हटाई जनताको दैनिक आवतजावतलाई सहज बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
३. नगरपालिका क्षेत्रका विभिन्न पूर्वाधार निर्माण सम्बन्धी योजना तथा सडक विस्तारका क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा तोकिएको परिमाणका

आधारमा बिक्री मूल्य अनुसारको रकम नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

४. नगरपालिका भित्र रहेका झोलुङ्गे पुलहरूको सुरक्षाको लागि पुल हेरालुको व्यवस्था गरिनेछ ।

**(ख) भवन तथा बस्ती विकास**

१. यस नगरपालिका अन्तर्गत वडा नं. ४ मा रहेको कृषि क्याम्पस तथा छात्रावास निर्माण कार्यलाई आ.व.०८१/०८२ मा निरन्तरता दिइनेछ ।

२. लेकवेशी नगरपालिकामा विगत वर्ष देखि सञ्चालनमा रहेका अधुरा रहेका र हाल सम्म निर्माण सम्पन्न नभएका योजनाहरूलाई निर्माण सम्पन्न गर्न प्राथमिकता दिइनेछ।

३. नगरको गौरवको योजना अन्तरगत लागत सहभागितामा नगरपालिकाको प्रशासकीय भवन र अधुरा भवनहरु यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरि निर्माण कार्य अगाडी बढाईनेछ ।

४. नगर क्षेत्रभित्र नीजि, सामुदायिक तथा सरकारी भवनहरुलाई नक्सापास गर्ने, भूकम्प प्रतिरोधी र बस्तिलाई सुरक्षित तथा सुन्दर बनाउने कार्यलाई नगरको जोखिम सम्वेदनशील योजनाको कार्यान्वयन गर्दे भवन निर्माण संहिता Building By Laws लागु गरिनेछ ।

५. भुकम्प प्रतिरोधि घर निर्माणका लागि प्राविधिक तथा डकर्मीको क्षमता विकास तथा समुदायमा जनचेतनाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संस्थाहरुसँग सहकार्य गर्दै तालिम प्राप्त डकर्मीहरुबाट मात्र घर निर्माण गर्ने व्यवस्थाका लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

६. साझेदारी संस्थाहरु (शहरी विकास मन्त्रालय र दातृ निकाय लगायत) को सहयोगमा सघन शहरी विकास कार्यक्रम अघि बढाउन पहल गरिनेछ ।

७. नगरको दिगो र व्यवस्थित विकासका लागि नगरको आवधिक योजना, योजना बैंक तथा मध्यकालिन खर्च संरचना (MTEF) को आधारमा बजेट योजना तर्जुमाका कामहरु गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. नगरपालिकाबाट संचालन हुने पूँजीगत तर्फका योजनाहरुको कन्टिन्जेन्सी बढीमा ४ प्रतिशत सम्म कट्टि गर्ने व्यवस्था गरी सो मध्ये १.५ प्रतिशत मर्मत सम्भार कोषमा जम्मा गर्ने र २.५ प्रतिशत कन्टिजेन्सी आयोजना व्यवस्थापन गर्न खर्च गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९. संघीय सरकारको अनुदान अन्तर्गत विगत आ.व. मा टेण्डर भई सम्झौता समेत भएको लेकवेशी न.पा. वडा नं. ४ दशरथपुरमा ०.७६ हेक्टर जग्गामा निर्माण हुने १५ शैयाको नगर अस्पताल निर्माणका लागि आवश्यक जग्गा राष्ट्रिय वनक्षेत्रमा परि कानुनी अड्चनका कारण समयमा निर्माण कार्य सञ्चालन गर्न नसकिएकोमा संघीय सरकार, मन्त्रीपरिषद्को २०८०/०४/२३ गतेको निर्णय अनुसार वन तथा भू-संरक्षण विभाग र लेकवेशी नगरपालिका, सुर्खेत बीच उक्त वन क्षेत्र प्रयोग गर्न र सो क्षेत्रमा पर्ने रूखहरू हटाउनका लागि २०८१ जेठ १७ गते सम्झौता समेत भइसकेकोले नगर अस्पताल भवन निर्माण कार्यलाई यथाशिघ्र अगाडी बढाईनेछ ।

१०. नगरपालिकाको वार्षिक योजनामा उल्लेख भएका योजनाहरूलाई कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली बमोजिम उपभोक्ता समितिको श्रम, दक्षता, ज्ञान, सिप प्रयोग हुने खालका योजना मात्र उपभोक्ता समिति मार्फत गर्न लगाई भारी यन्त्र, उपकरण प्रयोग र सामाग्री खरिदमा ठूलो हिस्सा, रकम भएका योजनाहरू उपभोक्ता समितिलाई जिम्मेवारी नदिने गरी उपभोक्ता समिति व्यवसायी बन्ने प्रचलनलाई निरूत्साहित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## (ग) ऊर्जा तथा विद्युत नीति

१. नगरपालिकाको सबै वडामा विद्युतको राष्ट्रिय प्रसारण लाइन जडान गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग सहकार्य तथा समन्वय गरेर विद्युत सेवा नपुगेका बस्तीहरुमा विद्युत सेवा विस्तार गरिनेछ ।

२. विद्युतिय चुलो, सौर्य ऊर्जा, वायो ग्यांँस र सुधारिएको चुल्हो प्रयोग र विस्तारमा विशेष जोड दिइनेछ ।

## (घ) सिंचाई नीति

१. नगरभित्रका खाली बाँझा बारीहरुमा स्रोत भएसम्म संघीय सरकार, प्रदेश सरकार, सहयोगी विकास साझेदार संघ/संस्थाहरुसँग सहकार्य एवं समन्वय गरी स्रोत साधन प्रयोग गरेर सिंचाई योजना सञ्चालन गरेर उत्पादन बृद्धिमा जोड दिईनेछ ।

२. भेरी-बबई डाईभर्सन आयोजनाको सहयोग तथा समन्वय र सहकार्यमा भेरी करिडोर सिंचाई तथा पर्यटन विकासका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

### (क) वन तथा भू-संरक्षण

१. “सफा स्वच्छ हरियाली सडक, खोला र नदी, पर्या-पर्यटनको विकास संगै हुन्छ लेकवेशीको उन्नती" भन्ने मुल नारालाई सार्थकता दिन पालिकाको वन, वातावरण र पर्यावरणको संरक्षण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

२. निर्माणाधिन मदन भण्डारी राजमार्गको निर्माण कार्य सम्पन्न भइ सक्दा यस नगरपालिकाका बजार क्षेत्रमा फोहोरमैलाको परिमाण वृद्धि हुन गई व्यवस्थापनमा समस्या सिर्जना हुने हुँदा सरोकारवालाहरूको सहमति र सहकार्यमा ल्यान्डफिल्ड साइडको व्यवस्था गरी भविष्यमा आवश्यकता अनुसार ढुवानी उपकरण खरिद गरिनेछ।

३. मदन भण्डारी राजमार्गको निर्माण सम्पन्न भए पश्चात सवारी चाप बढ्न सक्ने, फोहोरमैला व्यवस्थापनको चुनौती बढ्न सक्ने, जथाभावी विज्ञापन बोर्ड (होडिङ्ग बोर्ड) राख्न सक्ने भई शहर असोभनिय हुन सक्ने हुँदा त्यसलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्न र सडकको दायाँबायाँ खाली स्थानमा वृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम गराउने नीति लिइनेछ ।

४. दैनिक प्रयोग हुने प्लाष्टक झोलाले पर्यावरणमा साथै कृषि उत्पादनमा समेत असर पार्ने भएकोले प्लाष्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गरिने छ । स्थानीय रुपमै उत्पादन भएका कपडाका झोलाको प्रयोग गर्ने बानीको अभ्यास गर्न ***"म पनि बजार जाने, मेरो झोला नि लाने"*** अभियानलाई निरन्तरता दिइनेछ ।

५. यस नगरपालिका क्षेत्रमा रहेका राजमार्ग तथा सडकहरु र नगर क्षेत्रमा बग्ने नदी खोलाहरुको अधिकार क्षेत्र किटान गरि सडक तथा खोला किनारामा बहु-उपयोगी विरुवाहरु वृक्षारोपण गरिनेछ ।

६. भू-क्षय तथा नदी कटान रोक्न प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा नदी नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ ।

### (ख) जलाधार संरक्षण

१. नगरपालिका क्षेत्र भित्र रहेका धारा, कुवा, पँधेरा आदिको उचित मर्मत सम्भार र संरक्षणका लागि वृक्षारोपण र रिचार्ज पोखरीहरू निर्माण गरिनेछ ।

२. खोला, नदीको स्वच्छता कायम राख्न प्रदुषित पानी, ढल र फोहोरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ । साथै यस नगरपालिका क्षेत्रमा बग्ने नदी तथा खोलामा विषादि, करेन्ट तथा विष्फोटक पदार्थ प्रयोग गरि माछा मार्ने कार्यलाई पूर्ण

प्रतिवन्ध लगाईने छ । मापदण्ड विपरित प्रदुषण गर्ने व्यक्ति तथा संस्थालाई कानुनी रुपमा दण्ड दिने व्यवस्था गरिनेछ । यसको लागि आवश्यक कानून तर्जुमा गरि कडाईका साथ लागु गरिने छ ।

३. सरसफाई तथा फोहरमैला व्यवस्थापनको लागि नगर क्षेत्र भित्र ४० माइक्रोन भन्दा कमको प्लाष्टिक झोलाको प्रयोगमा न्यूनिकरण गर्दै लैजाने साथै विद्यालय क्षेत्रको ५०० मिटर आसपास क्षेत्र र सार्वजनिक स्थलमा सुर्तिजन्य पदार्थ र मदिराजन्य वस्तुको विक्रि वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने नीति अवलम्बन गरिनेछ ।

४. फोहोरलाई कम्पोष्ट मल बनाई कृषिमा उपयोग गर्ने नीति बनाई नगरवासीहरुलाई घरघर मै कुहिने र नकुहिने फोहोर छुट्याउने वानीको विकासका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नगरपालिकाको वन क्षेत्र तथा खाली जग्गा भित्र वृक्षारोपण कार्यलाई नियमित गर्न आवश्यक विरूवा उत्पादनका लागि साझेदारीमा नर्सरी स्थापना गरिनेछ ।

### (ग) जलवायु परिवर्तन

१. नगरपालिका भित्र सञ्चालन आयोजनालाई जलवायु परिवर्तन अनुकुलन योजनाहरू सञ्चालन गर्न विकास निर्माणको क्षेत्रमा काम गर्ने संघ संस्था र नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरी जलवायुमैत्री क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

### (घ) विपद् व्यवस्थापन

१. खडेरीको समयमा वनजंगलमा आगलागी भई घाँस दाउरा काठपात जली नस्ट हुने र कार्वनडाईअक्साईडले मानव स्वास्थ्यमा पनि प्रतिकूल प्रभाव पार्ने हुँदा वन क्षेत्रमा हुने आगलागीलाई नियन्त्रण गर्न सामुदायिक वन उपभोक्ता समितिहरुसँग सहकार्य र समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरूत्साहित गर्ने नीति लिइनेछ ।

३. नगरपालिकामा स्थापना भएको स्थानीय आपतकालिन कार्य संचालन केन्द्र (LEOC) लाई व्यवस्थित गरिने छ साथै सबै वडा कार्यालयहरुमा विपद प्रतिकार्यका लागि आवश्यक आधारभूत सामाग्रीहरुको व्यवस्थापनमा निरन्तरता दिइनेछ ।

४. विपद् प्रतिकार्यका लागि नगरपालिकाका सबै वडाहरूमा गठित प्रतिकार्य कार्यदलहरूलाई क्रियाशित गरी क्षमता विकास गर्न, कार्यदलहरुको नमुना अभ्यास गर्न तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

५. विपद् संवेदनशिलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, अपांग मैत्री तथा जेष्ठनागरिक मैत्री बनाईनेछ ।

६. सम्भावित महामारी, भुकम्प, आगजनी, बाढीपहिरोबाट हुने विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ ।

७. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि कार्य गर्दा संघ, प्रदेश र विकास साझेदार संघ/संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. विपद् पश्चातको क्षति न्यूनिकरण तथा पुर्नलाभको लागि नगरपालिकाको क्षमता विकास गरि उद्दार तथा राहत सामाग्रीको मौजुदा कायम राखि भण्डारण तथा वितरण प्रभावकारी बनाउने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।

## ५. संस्थागत विकास र सुशासन नीति

१. नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सबै सेवा, सुविधालाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

२. विद्यमान ऐन, कानुन र कार्यविधिहरूलाई प्रचलित ऐनसँग नबाझिने गरी आवश्यकता अनुसार परिमार्जन र संशोधन गरी व्यवहारिक बनाइनेछ ।

३. नगरपालिकामा कार्यरत सबै सेवा समूह तर्फका कर्मचारीहरुलाई आफनो पेशागत मर्यादा र आचरण प्रदर्शनको आधारमा दण्ड र पुरस्कारको नीति अख्तियार गरिनेछ।

४. सेवाग्राही मैत्री सेवा प्रवाह विपरितका क्रियाकलापहरुमा शुन्य सहनशिलताको नीति लिईनेछ ।

५. सबै किसिममा कर्मचारीहरूको क्षमता विकासका तालिम कार्यक्रममा एकद्धार नीति लिई प्रचलित कानून र मापदण्डमा आधारित तालिम कार्यक्रम संचालन गरिनेछ । तालिममा स्थानीय लगायत राष्ट्रियस्तरका विज्ञ सेवा लिई प्रविधिमैत्री कर्मचारी प्रशासनको विकास गरिनेछ ।

६. सबै शाखा तथा वडा कार्यालयबाट विद्युतिय पत्राचारलाई लागु गर्दै क्रमश विद्युतिय सुशासनको अवधारणा अनुसार कार्य अघि बढाइनेछ ।

७. **"मेरो कार्यालय, मेरो जिम्मेवारी"** अभियान सञ्चालन गरी कार्यालय परिसर र कार्यकक्षको सरसफाइ, असल सिकाई आदान प्रदान मार्फत समृद्ध नगरको सपना साकार बनाउन कर्मचारीहरुको पेसागत समर्पण, अन्बेषण र महत्वपूर्ण योगदान प्रस्फुटन हुने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. नगरपालिकाको कार्यबोझको आधारमा विज्ञ परामर्श सेवा मार्फत तत्काल नगरपालिकाको संगठन व्यवस्थापन तथा सर्वेक्षण (O&M) गरि आवश्यक दरबन्दी सिर्जना गर्ने, कर्मचारीको पदपूर्ति गर्ने र कर्मचारीलाई निश्चित सूचकका आधारमा कार्य विवरण सहितको कार्य सम्पादन सम्झौता गरि कार्यान्वयन पक्षको मूल्यांकनका आधारमा पुरस्कार र दण्ड गर्ने नीति अवलम्वन गरिनेछ । कर्मचारी दरबन्दीका आधारमा नयाँ भर्ना, परामर्श सेवा खरिद लगायतको कार्यलाई व्यवस्थित गरिनेछ ।

९. नगरपालिकाका हरेक सूचनाहरुलाई विद्युतिय माध्यमबाट प्रकाशन, प्रसारण गर्नुका साथै गुनासो सुनुवाईको व्यवस्था गरिनेछ ।

१०. नगरका कर्मचारी एवं पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११. नगरपालिका कार्यालयमा सिसिटिभी क्यामरा जडान गरी कार्यालय सुरक्षा र सुशासन कायम गरिनेछ ।

१२. अन्तर स्थानीय तह अध्ययन, अवलोकन भ्रमणका माध्यमबाट सेवा प्रवाहमा नविनता तथा नवप्रवर्द्धनशिल अभ्यास प्रचलनमा ल्याईनेछ ।

१३. लेकवेशी नगरपालिकाले उपलब्ध गराउने सेवा, सुविधा र विकास निर्माणको कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन स्वीकृत दरबन्दी भित्र रहि व्यक्ति वा संस्थासँग सेवा करार गरी कार्यालयका लागि आवश्यक जनशक्ति पदपूर्ति गरिनेछ । पालिकाको कार्यविधि बमोजिम करार सेवामा रहेका कर्मचारीहरूको सेवा निरन्तरता, पालिकाको आन्तरिक स्रोतलाई मध्यनजर गरी समय सापेक्ष सेवा सुविधा थप गर्दै लगिनेछ ।

१४. कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका लागि तालिम, गोष्ठी, भ्रमणलाई उपलब्धीमुलक हुने गरी सेवा प्रवाहसँग आबद्ध गरिनेछ ।

१५. आ.व. २०८०/०८१ मा संचालनमा ल्याईएको एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणाली, अपाङ्गता परिचय-पत्र प्रणाली लगायत हाल संचालनमा रहेका प्रणालीलाई आवश्यकता अनुसार अद्यावधिक गरी त्यसको प्रयोगमा निरन्तरता दिईनेछ ।

१६. सेवा प्रवाहलाई प्रभावकारी बनाउन ए.आई. मा आधारित च्याटबट, अनलाईन योजना सम्झौता पोर्टलहरु संचालन गरिनेछ ।

१७. सम्पूर्ण कार्यालयहरुमा ईन्टरनेटको पहूँचका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१८. गठन भएका टोल विकास संस्थाको क्षमता विकास गरी टोल बस्तीमा सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरूलाई पारदर्शी, जवाफदेही र जन उत्तरदायी बनाइनेछ।

१९. पालिकाको आन्तरिक राजश्व प्रणालीलाई सुदृढ गरिनेछ ।

२०. वित्तीय सुशासन कायम गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने कार्यविधि/ निर्देशिका/ Norms/मापदण्ड आदि निर्माण गरेर मात्र कार्य गर्ने वातावरण मिलाइने छ, भने पत्रपत्रिकामा टेण्डर/कोटेशनका सूचना प्रकाशन, खरिद कार्यलाई टुक्रा टुक्रा पारि खरिद गर्ने कार्यलाई निरूत्साहित गरी वर्षभरिको लागि कार्यालय सामाग्रीको अनुमान गरी सार्वजनिक खरिद ऐन र नियमावलीले निर्दिष्ट गरेको व्यवस्था पूर्ण कार्यान्वयन हुने विधि अवलम्बन गरिनेछ ।

**नगर सभाका सदस्यज्यूहरू,**

अन्त्यमा लेकवेशी नगरपालिकाको विकास, सुशासन र समृद्धिको लागि योगदान गर्ने राजनीतिक दल, प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीवी, दातृ निकाय, नीजि क्षेत्र, वित्तीय संस्था, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ/संस्था, सञ्चार जगत लगायत सम्पूर्ण नगरबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

उमेश कुमार पौडेल
नगर प्रमुख
लेकवेशी नगरपालिका, सुर्खेत

मितिः २०८१ साल असार ९ गते आईतबार